# साहस उर्जा लि.

हात्तिसार, काठमाडौं

**वार्षिक साधारण सभा सम्वन्धी सूचना**

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८१।०५।३१ गते दिनको ३:३० बजे बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको आर्थिक वर्ष २०७७/०७८, २०७८/०७९, २०७९/०८० र २०८०/०८१ को संयुक्त बार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न लिखित प्रस्ताव उपर छलफलको लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान:**

मिति: २०८१।०७।०४ गते आइतवार

समय: विहान ११:०० बजे

स्थान: कार्की ब्याङ्क्वेट, बबरमहल, काठमाडौं ।

**सभामा प्रस्तुत हुने प्रस्तावहरु:**

**(क) सामान्य प्रस्तावहरु:**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०७७/०७८, २०७८/०७९, २०७९/०८० र २०८०/०८१ को वार्षिक प्रतिवेदन सम्वन्धमा ।

२. आर्थिक वर्ष २०७७/०७८, २०७८/०७९, २०७९/०८० र २०८०/०८१ को लेखा परिक्षण प्रतिवेदन सहितको वित्तीय विवरण (वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत) सम्वन्धमा।

३. आर्थिक वर्ष ०८१/०८२ को लेखा परिक्षण गर्न लेखा परिक्षक नियुक्ती तथा पारिश्रमिक तोक्ने सम्वन्धमा।

४. प्रस्तावित वोनस शेयरको कर प्रयोजनको लागि ०.४२१ प्रतिशतका दरले हुने रु. १,४७,३६,८४२।११ नगद लाभांस सम्वन्धमा ।

५. स्वतन्त्र संचालक नियुक्ती सम्वन्धमा ।

**(ख) विशेष प्रस्तावहरु:**

१. परियोजनाको लागि लिइएको थप ऋण अनुमोदन गर्ने सम्वन्धमा ।

२. कम्पनीको चुक्ता पुँजी रु.३,५०,००,००,०००।- को ८% (आठ प्रतिशत) का दरले हुने रु. २८,००,००,०००।- (अठ्ठाइस करोड) बराबरको २८,००,००० कित्ता बोनस शेयर वितरण सम्वन्धमा ।

३. कम्पनीको चुक्ता पुँजी रु.३,५०,००,००,०००।- (तिन अर्ब पचास करोड) मा वोनस शेयर वृद्धि पश्चात हुन आउने चुक्ता पूँजी रु.३,७८,००,००,०००।- (तिन अर्व अठहत्तर करोड) को १:१ अनुपातमा रु.३,७८,००,००,०००।- (तिन अर्व अठहत्तर करोड) बराबरको ३,७८,००,००० (तिन करोड अठहत्तर लाख) कित्ता हकप्रद शेयर जारी गर्ने सम्वन्धमा ।

४. कम्पनीको प्रबन्धपत्रको दफा ६ संशोधन सम्वन्धी निम्न वमोजिमको विशेष प्रस्ताव सम्वन्धमा ।

   (क) दफा ६(क): कम्पनीको अधिकृत पुँजी रु.१०,००,००,००,०००।- (दश अर्व) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु.१००।- दरको १०,००,००,०००।- (दश करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

   (ख) दफा ६(ख): कम्पनीको तत्काल जारी गर्ने पुँजी रु.७,५६,००,००,०००।- (सात अर्व छपन्न करोड) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु.१००।- दरको ७,५६,००,००० (सात करोड छपन्न लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

५. कम्पनीको प्रबन्धपत्रमा भएको संशोधनमा सम्वन्धित निकायहरुबाट कुनै संशोधन, फेरबदल वा थपघट गर्न कुनै सुझाव वा निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

**(ग) विविध ।**

२०८१।६।१२

कम्पनी सचिव

SAHAS URJA

**(घ) संचालक समितिको संस्थापक समुहको ४ सदस्य तथा सर्वसाधारण समूहको २ सदस्य पदको निर्वाचन सम्वन्धमा ।**

**साधारण सभा सम्वन्धी जानकारीहरु:**

१. साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले सभा हलमा प्रवेशको लागि सक्कल प्रमाणपत्र वा हितग्राही खाता खोलिएको कागाजत अथवा कुनै आधिकारीक परिचयपत्र साथमा लिई आउनु पर्नेछ ।

२. साधारण सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान ०९:०० बजे बाट खुला रहनेछ ।

३. यस साधारण सभाको प्रयोजनको कम्पनीको शेयरधनीको दर्ता पुस्तिका मिति २०८१।६।१३ गते एक दिन बन्द रहने छ । शेयरधनी दर्ता पुस्तिका बन्द भएको मितिभन्दा अधिल्लो दिनसम्म कारोवार भई प्रचलित नियम बमोजिम यस कम्पनीको शेयर रजिष्टरमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र यस साधारण सभामा भाग लिन तथा मतदान गर्न पाउनेछन् ।

४. संचालकको निर्वाचनमा मतदान गर्ने शेयरधनी वा निजको प्रतिनिधीले भौतिक रुपमा साधारण सभामा उपस्थित भई मतदान प्रकृयामा सहभागी हुनु पर्नेछ ।

५ साधारण सभामा भाग लिनको लागि प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्पूर्ण शेयरको प्रतिनिधी एउटै व्यक्ति हुने गरी विभाजन नहुने गरी प्रतिनिधी पत्र (प्रोक्सी फारम) भरी मिति २०८१।६।३० गते अपरान्ह ५:०० बजे भित्र कम्पनीको कर्पोरेट कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । प्रतिनिधी (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुनु अनिवार्य छ ।

६. नाबालक वा अशक्त वा मानसिक सन्तुलन नभएका शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले साधारण सभामा भाग लिन वा प्रतिनिधी तोक्न पाउनेछ ।

७. कुनै शेयरधनीले एकभन्दा वढी व्यक्तिहरुलाई प्रतिनिधी (प्रोक्सी) नियुक्त गरेको अवस्थामा पहिलो दर्ता प्रोक्सी मान्य हुनेछ र निजलाई मात्र प्रतिनिधीको हैसियतले सभामा भाग लिने र मतदान गर्ने अधिकार हुनेछ ।

८. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक व्यक्तिले मात्र साधारण सभामा भाग लिन वा मतदान गर्न पाउनेछ।

९. साधारण सभामा भाग लिन प्रोक्सी नियुक्त गरी सकेपछि सम्वन्धित शेयरधनीले बदर गर्न चाहेमा साधारण सभा हुनुभन्दा अगावै निवेदन दर्ता गरी आफुले दिएको प्रोक्सी बदर गरी आफै सभामा भाग लिन सक्नेछन् ।

१०. साधारण सभामा भाग लिन प्रतिनिधी नियुक्त गरिसकेपछि शेयरधनीहरुले प्रतिनिधी परिवर्तन गर्न चाहेमा सोको सूचना शेयरधनीले मिति २०८१।०६।३० गते बेलुकी ५:००.बजे भित्र कम्पनीको कर्पोरेट कार्यालयमा प्रतिनिधी परिवर्तनको सूचना दर्ता गर्नुपर्नेछ ।

११. संगठीत संस्था वा कम्पनी शेयरधनीको हकमा कार्यकारी प्रमुखले दस्तखत गरी मनोनित गरेको प्रतिनिधीले शेयरधनीको हैसियतले साधारण सभामा भाग लिन तथा मतदान गर्न पाउनेछ ।

१२. सभामा भाग लिन तथा मतदानको लागि प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्ने फर्म कम्पनीको वेवसाइट www.sahasurja.com र कम्पनीमा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ । साथै कम्पनी सचिवले प्रमाणीत गरेको फर्मले मात्र मान्यता प्राप्त गर्नेछ ।

१३. साधारण सभाको सम्वन्धमा शेयरधनीहरुलाई आवश्यक अन्य जानकारीको लागि कम्पनीको कर्पोरेट कार्यालयमा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

१४. संचालक समितिको निर्वाचनको तालिका मिति २०८१।०६।१६ गते प्रकाशित गरिने तथा कम्पनीको कर्पोरेट कार्यालयमा टाँस गरिने छ ।

२०८१।६।१२
कम्पनी सचिव

SAHAS URJA